अनुसूची-५

(दिग्दर्शनको दफा ५.५.३ संग सम्बन्धित)

# आर्थिक वर्ष २०७७/०७८ को
# नीति, कार्यक्रम तथा बजेट

त्रिवेणी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

जुगार रोल्पा

५ नं. प्रदेश, नेपाल

## खण्ड १ - परिचय र समिक्षा

१.१ पृष्ठभूमी

१.२ चालू आ.व.को नीति तथा कार्यक्रमको समीक्षा

- क) आर्थिक क्षेत्र
- ख) सामाजिक क्षेत्र
- ग) पूर्वाधार क्षेत्र
- घ) वातावरण तथा विपद व्यवस्थापन
- ङ) संस्थागत विकास, सेवा प्रवाह र सुशासन

## खण्ड २ - आगामी आ.व. ०७७/०७८ को नीति, बजेट तथा कार्यक्रम

२.१ सोंच, लक्ष्य, उद्देश्य र अपेक्षित उपलब्धि

२.२ वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा अवलम्बन गरिएका प्रमुख नीति तथा आधारहरु

- २.२.१ समग्र नीति तथा आधारहरु
- २.२.२ क्षेत्रगत नीति तथा आधारहरु
  - क) आर्थिक क्षेत्र
  - ख) सामाजिक क्षेत्र
  - ग) पूर्वाधार क्षेत्र
  - घ) वातावरण तथा विपद व्यवस्थापन
  - ङ) संस्थागत विकास, सेवा प्रवाह र सुशासन

२.३ मुख्य मुख्य आयोजना र क्रियाकलापहरु

२.४ अनुमानित व्यय र स्रोत व्यवस्थापन

२.५ उपसंहार

# नीति तथा कार्यक्रम

- ✓ त्रिवेणी गाउँपालिकाको यस सम्मानित आठौं गाउँसभामा उपस्थित सम्पूर्ण सदस्यहरुलाई हार्दिक स्वागत एवं अभिवादन गर्दछु । नेपालको संविधान अनुसार सार्वभौमसत्ता सम्पन्न त्रिवेणी गाउँपालिकाको प्रतिनिधि संस्था गाउँपालिका सभामा नीति तथा कार्यक्रम सभामा प्रस्तुत गर्न पाउँदा गौरवको अनुभुति भएको छ ।
- ✓ विश्वनै कोरोना भाइरस कोभिड १९ को चपेटामा परिरहेको असहज तथा चुनौतिपूर्ण समयमा आज त्रिवेणी गाउँपालिकाको यस सभामा गाउँपालिकाको नीति तथा कार्यक्रमलाई सम्बोधन गर्दैछु ।
- ✓ नेपालको सार्वभौमसत्ता, स्वाधिनता, भौगोलिक अखण्डता, राष्ट्रिय हित, स्वाभिमान, लोकतन्त्र तथा सामाजिक रुपान्तरणका लागि आफ्नो जीवन उत्सर्ग गर्ने शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु ।
- ✓ जोखिमयुक्त परिस्थितिमा अग्रपंक्तिमा रहेर सेवा प्रदान गर्नु हुने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, राष्ट्रसेवक कर्मचारी लगायतको म उच्च प्रशंसा गर्दछु । साथै यस विषम परिस्थितिमा आ-आफ्नो क्षेत्रबाट सहयोग पुऱ्याउनु हुने विभिन्न संघसंस्था लगायतलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।
- ✓ स्थानीय सरकारले छोटो समयमा नै उत्साहवर्द्धक उपलब्धि हासिल गर्न सफल भएको छ । यस अवधिमा सामाजिक विकास, भौतिक प्रगति तथा आर्थीक वृद्धि हासिल गर्न सफल भएको छ । यस्ता उपलब्धिले संवृद्धि हासिल गर्न बलियो आधार निर्माण गरेको छ । कार्यसम्पादन परिक्षणले नेतृत्वलाई अझ बढी उत्तरदायी बन्न उत्प्रेरित गर्छ । जसले देश र जनताप्रति थप चिन्तनशील तुल्याउँछ । अन्ततः यसले लोकतान्त्रिक व्यवस्थालाई मजबुत बनाउँछ ।
- ✓ संघ र प्रदेशसँग समन्वय गरि सहकारीता र समन्वयका आधारमा स्थानीय तहको सर्वाङ्गिण विकास र समृद्धिका योजना तथा कार्यक्रमहरु कार्यान्यवनमा ल्याईनेछ । स्थानीय सरकारले सामाजिक संरक्षण एवम् न्याय, विकास निर्माण, सुशासन प्रवर्द्धन तथा क्षमता अभिवृद्धिसँग सम्बन्धित कार्यक्रमहरुलाई प्रभावकारी रुपमा सञ्चालन गर्न आवश्यक पर्ने कानून जारी गरी कार्यान्वयनमा ल्याईएको छ ।
- ✓ विभिन्न किसिमका विपत् व्यवस्थापन गर्न विभिन्न क्षेत्रका सरोकारवालासँगको सहकार्यमा सूचना, सचेतना तथा जानकारीमूलक कार्यक्रमहरु सञ्चालनमा ल्याईनेछ । आधारभूत शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक न्याय तथा संरक्षणका अवसर उपलब्ध गराई शान्ति, सुरक्षा र सुव्यवस्थासहितको न्यायपूर्ण, समुन्नत, सभ्य र सुसंस्कृत समाज निर्माण गर्न स्थानीय सरकार प्रतिबद्ध छ ।
- ✓ हाम्रा आकांक्षा पूरा गर्न महामारीका कारण सामाजिक आर्थिक क्षेत्रमा परेको प्रतिकूल असरलाई ध्यान दिंदै स्थानीय सरकारले देहायका रणनीति आधार र पक्षहरुलाई ध्यानमा राखी आर्थिक वर्ष २०७७/०७८ को नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ ।
- ✓ यस आठौं गाउँसभामा उपस्थित सम्पूर्ण सदस्यहरु, अब म चालू आ.व २०७६।०७७ को समिक्षा तथा आगामी आर्थिक वर्ष २०७७।०७८ को गाउँपालिकाको नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

## खण्ड १
## परिचय र समिक्षा

### १.१ पृष्ठभूमि

त्रिवेणी गाउँपालिका ५ नं. प्रदेश, रोल्पा जिल्ला अन्तर्गत रहेको साविकको जुगार, नुवागाउँ, करेटी, बुढागाउँ र गैरीगाउँ गा.वि.स.हरू मिलेर बनेको शिवाङखोला, चक्रि खोला र गैरीखोला गरी तीन खोलाहरूको सेरोफेरोमा कुल २०५.३९ वर्ग कि.मि. क्षेत्रफलमा फैलिएको छ । संघीयता र परिवर्तन राज्य व्यवस्थालाई जनताको सबै भन्दा नजिक रहेर व्यवहारिक रूपमा अनुभुति गराउने जिम्मेवारी गाउँपालिकाको हो । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा नेपालको संविधान, २०७२ द्वारा प्रदत्त स्थानीय तहको अधिकार र जिम्मेवारीहरू मध्ये एक महत्त्वपूर्ण कार्य गाउँपालिकाको वार्षिक नीति, बजेट तथा कार्यक्रम तर्जुमा हो ।

### १.२ चालू आर्थिक वर्ष २०७६/०७७ को नीति तथा कार्यक्रमको समिक्षा

हामीले ०७४/०७५, ०७५/०७६ र ०७६/०७७ को बजेट योजना निर्माण गरेर कार्यान्वयन गरि तेश्रो वर्ष पुरा गरेर चौंथो वर्षमा प्रवेश गरेका छौं । यस अवधिमा हामीलाई आवश्यक कानुन, कार्यविधि, कर्मचारी संगठन संरचनाका कारण काममा साह्रै कठिनाइ भयो । कर्मचारी अभाव साथै समायोजनका कारण पनि कठिनाइ उत्पन्न भयो । संघ र प्रदेशबाट बन्नु पर्ने कानून समयमै नबन्नु संविधानले हामीलाई दिएका अधिकार कार्यान्वयन गर्न कठिनाइ हुनु, संविधान विपरित संघ र प्रदेशबाट हामीलाई परिपत्र हुनु आदिकारणहरू थिए । हामीले समयमै आफ्ना ऐन, कानून, नियमावली र कार्यविधि बनाउन नसक्नु, आवधिक योजना, गुरू योजना बनाउन छुट्याइएको बजेट कार्यान्वयन गर्न नसक्नुले गाउँपालिकाको प्राथमिक योजना के हुन धेरै भन्दा धेरै जनतालाई सम्बोधन गर्ने योजनाहरू के हुन ? भन्ने कुरा ठम्याउन कठिनाइ भएको छ । विश्वव्यापी रुपमा फैलिएको कोभिड महामारीका कारण यस वर्षको अन्त्यमा कार्य सम्पादनमा असहज परिस्थिति उत्पन्न भई विकास कार्यमा असर गरेको छ ।

### क) आर्थिक क्षेत्र

यस गाउँपालिकाको आर्थिक विकासको सोंच विविध प्रकारको हावापानी, माटो, भूगोल, जिवजन्तु, कृषि उत्पादन, जडिबुटी, व्यवसायको संगम ७ वटा वडा भएको त्रिवेणी गाउँपालिका रोल्पा जिल्लाकै एक उदाहरणिय गाउँपालिका हो । जसबाट छिमेकी गाउँपालिकाले समेत फाइदा र विकासमा लाभ लिइरहेका छन् । यस गाउँपालिकाको दृधकालीन सोंच **"समृद्ध गाउँपालिका: सुखी जनता"** तय गरिएको छ । त्रिवेणी गाउँपालिका सभाले बनाएको योजना र निदृष्ट गरेका लक्ष्य तथा प्राथमिकता तोकेर अघि बढेको छ । यस वर्ष त्रिवेणी गाउँपालिकाले कृषि नीति, २०७६ पारित गरि कार्यान्वयनमा लिएको छ । सातै वडामा कृषि तथा पशु पकेट जोन विस्तारको कार्यलाई थालनी गरेको छ । विश्वव्यापी रुपमा फैलिएको कोरोना महामारीले गर्दा आर्थिक क्षेत्र प्रभावित भएको छ । यद्यपी गाउँपालिकाभित्र भकारो सुधार कार्यक्रम, साना सिंचाई कार्यक्रम, विभिन्न कृषि पशु शिविर सञ्चालनमा ल्याइएको छ । साथै नेपाल सरकारद्वारा सञ्चालित कोभिड विशेष कृषि कार्यक्रम पनि सञ्चालनमा ल्याइएको छ ।

### ख) सामाजिक क्षेत्र

शिक्षामा हामीले व्यापक सुधार गरेका छौं । कक्षा १ देखि ३ सम्म विद्यार्थीहरुको बसाइ व्यवस्थापन, खानेपानी, कक्षाकोठा मर्मत, नयाँ भवन निर्माण, शिक्षण सिकाई कक्षा ५ देखि ८ को गाउँपालिका स्तरको परीक्षा संचालन, जिविको पार्जन शिक्षा, ऐन, नियमावली, नयाँ वि.व्य.स.गठन, विद्यालयमा अनिवार्य भर्ना, बालश्रम शोषण, विरुद्ध ३ वर्षे रणनीति, लक्षित वर्गमा बालबालिका, महिला, अपाङ्ग, दलित अक्षय कोष स्थापना तथा सञ्चालन, राम्रो काम गर्ने शिक्षक, विद्यालय र विद्यार्थी अभिभावकलाई पुरस्कारको व्यवस्था आदिको सुरुवात भई शिक्षामा व्यापक सुधार, शिक्षा योजना, शिक्षकको क्षमता विकास तालिम लगाएतका काम गरेका छौं । गाउँपालिकाका बालश्रम वा अन्य कारणले विद्यालय बाहिर रहेका बालबालिका तथा अन्यका लागि वैकल्पिक शिक्षा गर्ने हेतुले ऐन तथा कार्ययोजना तयार गरेका छौं । २ वटा माध्यमिक विद्यालयलाई प्राविधिक शिक्षालयको रुपमा स्थापना गरि ३ वर्षे कृषि तथा पशु विज्ञान कार्यक्रम संचालन गरेका छौं । गाउँपालिका अन्तर्गतका बालबालिकालाई कुलतमा फस्न नदिनका लागि विद्यालय देखि ३०० मि. परिसरभित्र मदिराजन्य वस्तुको उत्पादन तथा विक्री वितरण निषेध गरेका छौं । सशर्त अनुदान तर्फको बजेटबाट गाउँपालिकाभित्र ७ वटा नयाँ विद्यालय भवन निर्माण कार्य गरेका छौं भने माध्यमिक तथा आधारभूत विद्यालयमा विज्ञान तथा आई.सि.टि.ल्याव स्थापना गरेका छौं ।

### ग) पूर्वाधार क्षेत्र

गाउँपालिकाको पूर्वाधार क्षेत्रमा सबै वडा कार्यालयको भवन निर्माण सम्पन्न गरेका छौं । प्रत्येक वडाका प्राय सबै गाउँ बस्तीमा सडक यातायात पूर्याएका छौं । भित्री चक्रपथलाई बाह्रै महिना सवारी साधन चल्न सक्ने गरी स्तरोन्नती गरेका छौं भने दुर्गम भनिने वडा नं १ का करिव ९५% जनताहरु समक्ष सडकको पहुँच पूर्याएका छौं । हाम्रो गति भन्दा डब्बल प्रगति गरि माडी हुँदै सिवाङ यसै आ.व.मा सम्पन्न गर्ने योजना बनाएका छौं । बाहिरी चक्रपथको ट्र्याक खोल्ने अधिकांश काम सकिएको छ । वडा नं ६ को चंवास सम्म सडक विस्तार कार्य गरिएको छ । गाउँपालिकाको मुख्य सडक मानिने जुगार तिला, जुगार सिमपानी निगालपी तथा त्रिवेणी पहुँच मार्गको कालोपत्रेका कार्य सुरु गरिएको छ । उर्जामा यथेष्ट बजेट विनियोजना गरि त्रिवेणी उज्यालो कार्यक्रम अन्तर्गत गाउँपालिका अन्तर्गतका गाउँ बस्तीहरुमा विद्युतीकरणको कार्यलाई तिव्रता दिइएको छ । गाउँपालिकाको स्थापना अगाडी केन्द्रमा समेत उर्जाको सुविधा नभएकोमा झण्डै ८० प्रतिशत विद्युतीकरण कार्य सम्पन्न गरेका छौं ।

### घ) वातावरण तथा विपद व्यवस्थापन क्षेत्र

विश्वव्यापी रुपमा फैलिएको कोरोना महामारीका कारण सिर्जित समस्याका विचमा कर्मचारी-जनप्रतिनिधिको महत्त्वपूर्ण समन्वयकारी भूमीका निर्माण गरि क्वारेन्टाइन व्यवस्थापन, देश तथा अन्य मुलुकबाट आउने श्रमीक तथा त्रिवेणी बासीका लागि खानेबस्ने तथा ओसारपसारको व्यवस्था मिलाएका छौं । गरिव तथा विपन्न वर्गका लागि राहत तथा पूनःस्थापना प्याकेज उपलब्ध गराएका छौं । दण्ड, आगलागी, दुर्घटना तथा स्वास्थ्य समस्याबाट पिडित नागरिकलाई समयसमयमा राहत उपलब्ध गराएका छौं । साथै क्वारेन्टाइनमा बसेका महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्ग आदिलाई विभिन्न स्वास्थ्य सामग्री प्रदान गरेका छौं । त्रिवेणी गाउँपालिका प्रकोप व्यवस्थापन कोषमा गाउँपालिका तथा विभिन्न सहयोगी संस्थाबाट रकम जम्मा गरि कोषको व्यवस्था गरेका छौं ।

### ङ) संस्थागत विकास, सेवा प्रवाह र सुशासन

गाउँपालिकामा विभिन्न आवश्यक ऐन, नियमावली र कार्यविधिको कमी तथा कर्मचारी अभावका कारण सेवा प्रवाहमा केही कमी भएकामा यस आ.व.मा हामीले कृषि नीति, शिक्षा नीति, स्वास्थ्य सरसफाई तथा पोषण नीति, सुशासन नीति, पशु सेवा कार्यक्रम सञ्चालन निर्देशिका, स्थानीय स्वास्थ्य तथा सरसफाई ऐन, लैंगिक हिंसा निवारण कोष परिचालन कार्यविधि, जनजाती अपाङ्ग दलित कोष परिचालन कार्यविधि, एक वडा एक उद्यमी कार्यविधि, खुला तथा बैकल्पिक शिक्षा कार्यक्रम सञ्चालन कार्यविधि, बालबालिकाको हक अधिकार संरक्षण कार्यविधि, कृषि पकेट जोन विस्तार कार्यक्रम सञ्चालन कार्यविधि आदि पारित गरि सञ्चालनमा लिइएको छ। यस आ.व.मा हामिले सुशासन कार्यविधि अनुरुप गुनासो सुनुवाइका लागि टोल फ्रि सम्पर्क नम्वर, गुनासो सुनुवाइ प्रणाली, सामाजिक सञ्जाल, वेबसाइट आदीबाट सूचना प्रशारणको कार्य, लेखा तथा पञ्जिकरण व्यवस्थापन प्रणाली अवलम्बन गरेका छौं।

**खण्ड २**

**आगामी आ.व. २०७७/०७८ को नीति तथा कार्यक्रमहरू**

## २.१ सोंच, लक्ष्य, उद्देश्य र अपेक्षित उपलब्धी

### २.१.१ दीर्घकालीन सोंच

सामाजिक न्याय सहितको आर्थिक विकास, न्यायोचित वितरण सहितको आर्थिक समृद्धि तथा शान्त र समुन्नत गाउँपालिकाको निर्माण गर्ने ।

### २.२.२ लक्ष्य

दीगो, एकीकृत र सन्तुलित विकासका माध्यमबाट सम्पूर्ण स्थानीय जनताको जीवन स्तरमा सुधार ल्याउने ।

### २.२.३ उद्देश्य

- पूर्वाधार विकासमा जोड दिदै एकीकृत विकास (Integrated development) को अवधारणालाई अवलम्बन गर्ने ।
- आर्थिक र सामाजिक रुपमा पछाडी परेका समुदायलाई विशेष जोड दिई सामाजिक न्यायको विकास गर्ने ।
- मौलिक साहित्य, संगीत तथा कलाको संरक्षण र प्रवर्द्धन गर्ने ।
- प्राकृतिक सौन्दर्य, सरसफाइ र पर्यावरणीय प्रवर्द्धनमा जोड दिने ।
- पर्यटकीय क्षेत्रको संभाव्यता अध्ययन गरि लगानीका लागि उपयुक्त वातावरण सृजना गर्ने ।
- आधुनिकीकरण सहितको कृषि र पशुपालन तथा जडिबुटी उत्पादन, संरक्षण तथा बजारीकरणलाई प्रवर्द्धन गर्ने ।

### २.२.४ अपेक्षित उपलब्धी :

सिमित स्रोत साधन र बढ्दो जन अपेक्षाका माझ एकै आ.व भित्र पूर्ण रुपमा परिवर्तन सम्भव नहुन सक्छ तथापी गाउँपालिकाले आगामी आ.व २०७७।०७८ मा देहाय वमोजिमका उपलब्धीहरु हासिल गरेको हुनेछ ।

- हाल विद्यमान सडक संजालको स्तरोन्नती हुनेछ ।
- स्थानीय वासिन्दाहरुको जीवनस्तरमा गुणात्मक परिवर्तनको प्रयास हुनेछ ।
- विकास कार्यमा स्थानियबासीको रचनात्मक सहभागिता वृद्धि हुनेछ ।
- कृषिको आधुनिकरणको माध्यमबाट कृषिमा आत्मनिर्भरताको सृजना हुनेछ ।
- १२ महिना सबै वडामा पुग्ने वाटोमा कुनै प्रकारको अवरोध हुनेछैन ।
- सबै वडा कार्यलयहरुमा online system वाट प्रशासनिक कार्यहरु हुनेछ ।

- आधारभूत स्वास्थ्य क्षेत्रमा सबैको समान पहुँच पुग्नेछ ।
- जनताको चेतनास्तरमा चेतना र वृद्धि हुनेछ ।
- शैक्षिक क्षेत्रको वर्तमान स्थितिमा गुणात्मक सुधार आउनेछ ।
- गाउँपालिकाको आर्थिक विकासको सम्भाव्यताको सुक्ष्म अध्ययन गरी विकासले नयाँ गति लिनेछ ।
- बालमैत्री, अपाङ्ग मैत्री, र बातावरण मैत्री गाउँपालिका बन्नेछ ।
- व्यवसायिक कृषि तथा पशुपालनलाई प्रोत्साहन गरिनेछ ।
- अर्गानिक उत्पादन र प्राङगारीक मल उत्पादन तर्फ जोड दिईनेछ ।
- जेष्ठ नागरिक सम्मान तथा स्वास्थ्य परीक्षण कार्यक्रम ल्याईनेछ ।
- मौलिक भाषा संस्कृतिको संरक्षणमा जोड दिई आन्तरिक र बाह्य पर्यटनलाई जोड दिईनेछ ।
- स्वरोजगार युवा रोजगारमुखी कार्यक्रम कृषि, पशुपालन, पर्यटन, नर्सरी, मौरी र माछा पालनलाई प्राथमिकता दिइनेछ ।
- घर घरमा स्वच्छ खानेपानी आपूर्ती ब्यबस्था गर्ने तर्फ आवश्यक पहल गरिनेछ ।
- १५ बेडको ल्याब र एक्सरे ब्यबस्था सहितको अस्पताल निर्माणका लागि पहल गरिनेछ ।

## २.२ वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा अवलम्बन गरिएका प्रमुख नीति तथा आधारहरु

- नेपालको संविधान, २०७२
- राष्टिय योजना आयोगको मार्गदर्शन,
- नेपालको पन्ध्रौ पञ्ज वर्षिय योजनाले परिलक्षित गरेका अवधारणाहरु,
- स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शत २०७४ (परिमार्जित),
- नागरिक समाजको सुझावहरु,
- जिल्ला समन्वय समितिवाट आएका सुझावहरु,
- गैसस वाट आएका प्रस्ताव तथा योजनाहरु

### २.२.१ समग्र नीति तथा आधारहरु

गाउँपालिकाले आ.व.२०७७।०७८ मा संचालन गर्ने आयोजनाको छनोट गर्दा देहाय बमोजिमका प्राथमिकताका आधारहरुमा रहेर छनोट गरिएको छ ।

- आर्थिक विकास र गरिवी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने,
- उत्पादनमुलक र छिटो प्रतिफल दिने योजना,
- राजस्व परिचालनमा प्रत्येक्ष योगदान पुऱ्याउने,
- स्थानीय श्रोत साधनमा आधारित भई जनसहभागिताको अभिवृद्धि गर्ने,
- लैङ्गिक समानता, सामाजिक समावेशीकरणको अभिवृद्धि हुने,

- दिगो विकास, वातावरण संरक्षण र विपद व्यवस्थापनमा योगदान पुऱ्याउने,
- जनसहभागितामा जोडदिने आयोजनाहरु
- स्थानीय तहमा विद्यमान संस्कृतिहरुको पहिचान, संरक्षण र प्रवर्द्धन गर्ने,
- पुर्वाधार निर्माणमा विशेष जोड

**२.२.२ क्षेत्रगत नीति तथा आधारहरुः**

क) आर्थिक क्षेत्र

बजेट तथा स्रोत परिचालन सम्बन्धी

- उपलब्ध प्राकृतिक स्रोत साधन तथा जनसाङ्खिक लाभलाई उत्पादनमूलक क्षेत्रमा सदुपयोग गरीनेछ ।
- आर्थिक उपलब्धि र विकासका प्रतिफलहरुको समन्यात्मक वितरण गर्नेछ ।
- विकास निर्माणका कार्यक्रम तथा आयोजनाहरु तोकिएको समय र लागतमा सञ्चालन गर्नेछ ।
- विकास निर्माणसँग सम्बन्धित कामहरुमा स्थानीय जनशक्ति तथा उपलब्ध स्रोतसाधनको प्रयोगमा उच्च प्राथमिकता दिईनेछ ।
- भौतिक पूर्वाधार निर्माणको गतिलाई तीव्रता दिन, उत्पादन र उत्पादकत्व वृद्धि गर्न सार्वजनिक, नीजि, सहकारी र सामुदायिक क्षेत्रको लगानीमा उत्पादनमूलक र उच्च प्रतिफल दिने कार्यक्रम तथा आयोजनामा स्रोत साधनको परिचालन गरीनेछ ।

कृषि विकास सम्बन्धी

- उत्पादनमा आधारित अनुदान र प्रोत्साहन कार्यक्रममा जोड दिइने छ ।
- व्यक्तिगत, सहकारी तथा सामूहिक साझेदारीमा कुखुरा, बाखा, भैसी, बङ्गुर लगायतका पशुपंक्षीपालन गरी रोजगारी श्रृजना गर्ने अभियान सञ्चालन गरीनेछ ।
- पशुपंक्षीको नश्ल सुधार, गोठ तथा खोर व्यवस्थापन कार्यक्रम सरोकारवालाको प्रत्यक्ष सहभागितामा सञ्चालन गरीनेछ ।
- बेरोजगार युवाहरुलाई ग्रामिण उद्यम विकास सहजकर्ता द्वारा समुह निर्माण गरि व्यवसायिक उत्पादन र बजारीकरण विस्तार गरिनेछ ।
- पशुपंक्षीका लागी स्थानीयस्तरमा घाँस तथा दाना उत्पादन गर्न प्रोत्साहन गरीनेछ ।
- गोठ तथा खोरसम्मै पुगेर पशुपंक्षीलाई स्वास्थ्य उपचार तथा आवश्यक परामर्श दिने व्यवस्था मिलाईनेछ ।
- विभिन्न स्थानमा समय समयमा पशुपंक्षी क्लिनिक सञ्चालन गरीनेछ ।
- सहकारीमा आधारित आई.पी.एम्. पद्धतिमा खेती गर्न तालिम प्रदान गर्ने व्यवस्था मिलाईनेछ ।

- माटो परीक्षण, उन्नत बिउँबिजन, प्राङ्गारिक मलको प्रयोग, आधुनिक उपकरणको प्रयोग र विषादिको न्यून प्रयोग गर्न किसान सचेतीकरण कार्यक्रम सञ्चालन गरीनेछ।
- खेतीयोग्य जमिनको खण्डीकरणलाई निरुत्साहित गर्दै एक गाउँ एक फार्म उत्पादनलाई प्रोत्साहन विभिन्न किसिमका अनुदानका कार्यक्रम सञ्चालन गरीनेछ।
- कृषि उत्पादनको स्वच्छता तथा गुणस्तर कायम राख्न सरोकारवाला निकायसँग समन्वय र हातेमालो गरी कार्यक्रम सञ्चालन गरीनेछ।
- प्रत्येक घरधुरीले आफ्नो जग्गाभित्र अनिवार्य रुपमा कम्तिमा बीसवटा फलफुलको विरुवा रोप्नुपर्नेछ । नर्सरी व्यवस्थापनको लागि गाउँपालिकाले सहयोग उपलब्ध गराउने छ।
- कृषिमा यान्त्रिकरणका लागि कृषकहरुसँग साझेदारीमा गाउँपालिकाबाट अनुदान उपलब्ध गराइनेछ।
- गाउँपालिकाभित्र दुग्ध उत्पादन क्षेत्रको पहिचान गरी बजार प्रवर्द्धनको लागि कार्यक्रम सञ्चालन गरिनेछ।
- नेपाल सरकारको तिन खम्बे नीति अनुसार सहकारीहरुसंग सहकार्य गरि कृषि क्षेत्रको उत्थान तथा कृषकको जिवनस्तरमा सुधार ल्याईनेछ।

<u>नागरिकको आयआर्जन सम्बन्धी</u>

- गैरकाष्ठ, जडिबुटी तथा अन्य वनजन्य उत्पादनको प्रवर्द्धन गरी गरिब तथा न्यून आय भएका नागरीकको सहभागितामा अर्थोपार्जन हुने कार्यक्रम सञ्चालन गरीनेछ।
- बेरोजगारहरुको लगत संकलन गरि व्यवसायिक कृषि, स्थानीय पूर्वाधार, स्थानीय सीप र पूँजीमा आधारित उद्योग र सेवा क्षेत्रमा परिचालन गरीनेछ।
- सहकारीको मूल्यमान्यतामा आधारित भई रोजगारी सिर्जना, पूँजी परिचालन र सेवा प्रवाहको क्षेत्रमा उत्कृष्ट कार्य गर्ने सहकारी संस्थालाई प्रोत्साहित गरीनेछ।
- दक्ष जनशक्ति विकास, कामको सम्मान, स्वरोजगार, उपयुक्त पारिश्रमिक र सामाजिक संरक्षणसहितको श्रम व्यवस्थापन गरीनेछ।
- युवा लक्षित रोजगारी सिर्जना हुने सीपमूलक तालिम सञ्चालन गरीनेछ।

<u>स्रोतहरुको पहिचान सम्बन्धी</u>

- पूँजीगत खर्चको गुणस्तरियता र चालु खर्चको फजुल तथा अनुत्पादक खर्चलाई कटौती गरी मितव्यीता कायम गरीनेछ।
- वित्तिय शुसासन कायम गरिने, पारदर्शी बजेट तर्जुमा नीति अवलम्बन गरिनेछ।
- सामुदायिक खेती, सहकारी खेती र व्यवसायिक खेती गर्न भूमि, पूँजी र प्रविधिको संयोजन गरी एकै प्रकारको बाली एकैसाथ उत्पादन वृद्धि र रोजगारी सिर्जना गर्न उत्प्रेरित गरीनेछ।

- सरकारी, सार्वजनिक र गुठी जग्गाको संरक्षण गर्न भू-उपयोग नक्साङ्कन र अभिलेख तयार गरीनेछ ।

ख) सामाजिक क्षेत्र

<u>शिक्षा तथा खेलकूद सम्बन्धी</u>

- बालबालिकाहरुमा शिक्षाको पहुँच सुनिश्चित गर्न निःशुल्क पाठ्यपुस्तक लगायतका शैक्षिक सामग्रीहरुको व्यवस्था गरीनेछ ।
- गाउँपालिकाको शैक्षिक विकास गर्न शिक्षासँग सम्बन्धित कार्य गर्ने गैर-सरकारी संघसंस्थाहरु समन्वय गरी एकिकृत कार्यक्रम सञ्चालन गरीनेछ ।
- गरिब तथा जेहेन्दार विद्यार्थीहरुका लागि छात्रवृत्तिको व्यवस्था गरीनेछ ।
- कमजोर आर्थिक स्थितिका कारण शिक्षाको अवसरबाट वञ्चित हुनुपर्ने स्थितिको अन्त्यका लागि विषेश व्यवस्था गरिनेछ ।
- विद्यालय शिक्षाको गुणस्तर सुधार गर्न शिक्षकको क्षमता अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालन गरीनेछ ।
- खेलकुदलाई स्वास्थ्य र मनोरञ्जनसँग जोड्दै गाउँपालिकामा खेलकुदको विकास र प्रवर्द्धन गर्न गाउँपालिका भित्रका राष्ट्रिय र अन्तर्राष्ट्रिय खेलाडीहरुलाई सम्मान तथा प्रोत्साहन गरीनेछ ।
- सबै बालबालिकाको शिक्षामा पहुँच पुऱ्याउन बालबालिकालाई विद्यालयमा ल्याउने र टिकाउने कार्यक्रम सञ्चालन गरीनेछ ।
- सामुदायिक विद्यालयहरुलाई प्राविधिक तथा व्यावसायिक शिक्षालयका रुपमा विकास गरीने नीति लिइएको छ ।
- सार्वजनिक विद्यालयलाई गुणस्तरीय शिक्षाको केन्द्र बनाउन विद्यालय तथा शिक्षण संस्थाहरुको नक्साङ्कन गरी भूगोल र न्यूनतम् विद्यार्थी संख्याको आधारमा समायोजन गरीनेछ ।
- खुला तथा वैकल्पिक शिक्षालाई सञ्चालन तथा प्रवर्द्धन गरिनेछ ।
- छात्रछात्राको शारीरिक, सामाजिक, मनोवैज्ञानिक, शैक्षणीक विकासका लागि खेलकुद कार्यक्रम सञ्चालन गरीनेछ ।
- स्वयम् सेवक शिक्षकका रुपमा सेवा गर्न शिक्षित युवालाई प्रोत्साहन गरीनेछ ।
- समायोजन भएका विद्यालयहरुको शैक्षिक सुदृढिकरणको लागि विशेष प्रोत्साहन प्रदान गरिनेछ ।
- इन्डोर खेलकुद प्रवर्द्धन गरी शारीरिक तन्दुरुस्ती प्रवर्द्धनको लागि कवर्ड हलको निर्माण गरिनेछ ।
- गरिब तथा विपन्न छात्र तथा छात्राहरुका लागि प्राविधिक शिक्षा अध्ययनमा छात्रवृत्तिको व्यवस्था गरिनेछ ।

- पालिकाका बालबालिका र युवाहरुको प्रतिभा र क्षमताको विकास गरि समग्र खेल तथा खेलकुद क्षेत्रको विकास गर्न खेलकुदसँग सम्बन्धित संघसंस्थाहरुसँगको समन्वय र सहकार्यमा त्रिवेणी प्रतिभा पहिचान तथा पालिकास्तरीय अन्तर माध्यमिक विद्यालयस्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगीता सञ्चालन गरिनेछ साथै खेलकुद सामग्री वितरण तथा बाह्य खेलकुदमा सहभागिताको व्यवस्था गरि प्रतिष्पर्धी खेल जनशक्ति निर्माणमा जोड दिइनेछ ।
- विद्यालय बाहिर रहेका बालबालिकाको लागि वैकल्पिक शिक्षाका माध्यमबाट शिक्षामा पहुँच स्थापित गरिनेछ ।
- सत प्रतिशत भर्ना अभियान मार्फत भर्ना भएका विद्यार्थीहरु टिकाउनका लागि विशेष अभियान सञ्चालन गरिनेछ ।

<u>विज्ञान तथा प्रविधि सम्बन्धी</u>

- विज्ञान र प्रविधिको क्षेत्रमा नयाँ आविस्कार, खोज तथा अन्वेषण गर्नेलाई प्रोत्साहन गरीनेछ ।
- स्थानीय प्रविधिको प्रयोग तथा गुणस्तरमा सुधार गर्न प्रोत्साहन गरीनेछ ।
- शिक्षण सिकाईमा On-line Technology को प्रयोग गरीनेछ ।
- विद्युतिय पुस्तकालयको विकास गर्न आवश्यक व्यवस्था गरीनेछ ।
- प्रदेश सरकार र संघीय सरकारको सहयोगमा सबै माध्यमिक विद्यालयहरुमा सूचना प्रविधि प्रयोगशाला र उच्चगतिको इन्टरनेट सेवा पुर्‍याईनेछ ।

<u>स्वास्थ्य तथा जनसंख्या सम्बन्धी</u>

- एकिकृत रुपमा घरदैलो सेवा पुर्‍याउन विभिन्न समयमा घुम्ति स्वास्थ्य शिविर सञ्चालन गरीनेछ ।
- निकट भविष्यमा गाउँपालिकाबाट एम्बुलेन्स सेवा सञ्चालन गरीनेछ ।
- गाउँपालिकाको केन्द्रमा १५ सैयाको अस्पताल निर्माण गरिनेछ भने नुवागाउँ स्वास्थ्य चौकीलाई पि.एच.सी.मा स्तरोन्नती गरिनेछ । प्रत्येक वडामा ल्याव सेवाको व्यवस्था सञ्चालन गरिनेछ । गाउँपालिका भित्रै खकार संकलन र परीक्षणको व्यवस्था मिलाइनेछ ।
- आपत्कालिन अवस्थाका घाईते तथा बिरामीको स्वास्थ्य उपचार गर्न विपन्न परिवार उपचार कोषको व्यवस्था मिलाईनेछ ।
- विद्यालयमा अध्ययनरत छात्राहरुलाई निःशुल्क स्यानिटर प्याड वितरण गरि विद्यालय आउने दर वृद्धि गरिनेछ ।
- खोप सेवा, सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य, पोषण लगायतका कार्यक्रम सञ्चालन गर्न आवश्यक औषधी, उपकरण तथा स्वास्थ्य सामग्रीको व्यवस्था गरीनेछ ।
- सबै नागरिकलाई स्वास्थ्य बिमा कार्यक्रमको पहुँमा ल्याईनेछ ।

- आधारभूत स्वास्थ्य सेवामा जनताको पहुँच नियमित गर्न स्वास्थ्य चौकीमा पर्याप्त औषधी, स्वास्थ्य उपकरणको व्यवस्था गरीनेछ ।
- असाध्य रोग, दीर्घ रोग, सरुवा रोग तथा जनस्वास्थ्यसँग सम्बन्धित विशेषज्ञ सहितको स्वास्थ्य शिविरका कार्यक्रम विभिन्न स्थान र समयमा सञ्चालन गरीनेछ ।
- अपाङ्गता भएका व्यक्ति र जेष्ठ नागरीकहरुलाई घरदैलोमै स्वास्थ्य सेवा पुर्‍याईने व्यवस्था मिलाईनेछ ।
- गर्भवती महिलाहरुका लागि घरदैलोमै आवश्यक परामर्श सहितको स्वास्थ्य सेवा पुर्‍याईने व्यवस्था मिलाईनेछ ।
- नियमित रुपमा स्वास्थ्य जाँच गराई स्वास्थ्यकर्मीको निगरानीमा प्रसुती गराउने आमाहरुलाई प्रोत्साहनका लागि आवश्यक व्यवस्था मिलाईने छ ।
- सबै स्वास्थ्य चौकीबाट प्रदान गरीदै आएको प्रसुती सेवालाई थप प्रभाकारी बनाईनेछ ।
- शुन्य होम डेलिभरी कार्यक्रमलाई प्राथमिकताको साथ सञ्चालन गरिनेछ ।
- स्वास्थ्य स्वयंसेविकाको प्रोत्साहन भत्तालाई यस वर्ष पनि निरन्तरता दिईनेछ ।
- गाउँपालिकामा रेबिज विरुद्धको खोपको व्यवस्था मिलाइनेछ ।
- किशोरकिशोरीहरुलाई लक्षित गरी लागु औषध दुर्व्यसनी तथा यौनजन्य हिंसा निरुत्साहित गर्ने सम्बन्धि अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ ।
- बहुक्षेत्रीय पोषण कार्यक्रमलाई निरन्तरता दिइ सञ्चालन गरिनेछ ।
- महिलाहरुको पाठेघर खस्ने समस्याको पहिचान तथा परामर्श दिन विशेषज्ञ शिविर सञ्चालन गरिनेछ ।
- गाउँपालिकाभित्र आँखा अस्पताल तथा दाँत सम्बन्धि अस्पतालको स्थापनाको लागि पहल गरिनेछ ।

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी

- दलित, आदिवासी जनजाती एवं सिमान्तकृतवर्गका बालबालिकाहरुका लागि शैक्षिक अवसरको सुनिश्चितता प्रदान गर्न आवश्यक कार्यक्रम सञ्चालन गरीनेछ ।
- सामाजिक विकृति, विसङ्गती तथा दुर्व्यसनीबाट समाजलाई मुक्त राख्न आवश्यक कदम चालिनेछ ।
- बालविवाह, लैङ्गिक हिंसा, बहुविवाह र छुवाछुत लगायतका सबै किसिमका भेदभाव विरुद्ध सचेतनामूलक कार्यक्रम सञ्चालन गरीनेछ ।
- असहाय, अशक्त, अपाङ्गता भएका व्यक्ति, महिला, बालबालिका र सीमान्तकृत समुदायका नागरिकको पहिचान गरी सामाजिक संरक्षण र सामाजिक सुरक्षाको व्यवस्था सूनिश्चित गर्न सशक्तिकरण र सचेतनामूलक कार्यक्रम सञ्चालन गरीनेछ ।
- न्यायिक समिति र मेलमिलाप केन्द्र मार्फत् स्थानियस्तरमा सिर्जना हुने विवाद, द्वन्द्व र समस्या समाधान हुने व्यवस्था गरीनेछ ।

- महिला हिंसा, मानव बेचबिखन तथा ओसारपसारको जोखिम कम गर्न अभियानका रुपमा चेतनामूलक कार्यक्रम सञ्चालन गरीनेछ ।
- लैङ्गिक हिंसा पिडित महिलाका लागी Save House को व्यवस्था गरीनेछ ।
- गाउँपालिका भित्र ज्येष्ठ नागरिक आवास गृहको व्यवस्था गरिनेछ ।
- ८४ वर्ष माथिका जेष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरुको सुरक्षा, सम्मान र पहिचानमा विशेष जोड दिँदै घरमै पुगेर सेवा दिने व्यवस्था मिलाईनेछ ।
- बालश्रम मुक्त गाउँपालिका घोषणा गरिनेछ ।
- अन्तर-पुस्ता ज्ञान, सीप र अनुभव हस्तान्तरण गर्न ज्येष्ठ नागरिक मिलन केन्द्रहरु मार्फत् आवश्यक कार्यक्रमहरु सञ्चालन गरीनेछ ।
- गाउँपालिकाभित्र निर्माण हुने भौतिक संरचनाहरु अपाङ्क मैत्री तथा बालमैत्री ढाँचामा निर्माण गरिनेछ ।
- इटाभट्टा लगायतका अन्य उद्योगमा कार्यरत मजदुरका छोराछोरीहरुलाई शिक्षाको उचित पहुँच प्रदान गर्न विभिन्न संघसंस्थाहरुसँग समन्वय गरि कार्यक्रम सञ्चालन गरिनेछ ।
- कार्यालयको सेवा प्रवाहलाई बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्ग तथा महिलामैत्री बनाइनेछ ।

<u>सरकारी तथा गैरसरकारी संघसंस्था सम्बन्धी</u>

- विकासमा योगदान पुऱ्याउन गैर-सरकारी तथा सामुदायिक संस्था, सहकारी, आमा समूह, महिला समूह, किसान समूह, युवा क्लव र बाल क्लवहरुलाई सामाजिक परिचालन गरीनेछ ।
- संघ-संस्था दर्ता अभिलेखीकरण र नियमनको कार्यलाई व्यवस्थित गरीनेछ ।
- जनताको जीउधनको सुरक्षा र शान्ति सु-व्यवस्था कायम राखी राख्न गाउँपालिकाका सबै वडामा प्रहरी चौकी र गाउँपालिकाको मुकाममा प्रहरी निरीक्षकको कमाण्डमा इलाका प्रहरी कार्यालयको स्थापना गर्न आवश्यक पहल गरीनेछ ।

ग) पूर्वाधार क्षेत्र

<u>अल्पकालीन तथा दीर्घकालीन नीति, योजना र कार्यक्रम सम्बन्धी</u>

- कार्यक्रम तथा आयोजनाहरुको पुनःप्राथमिकीकरण गर्ने, फजुल खर्च रोक्ने, वित्तिय अनुशासन कायम गर्ने, उत्पादनशील तथा रोजगारमूलक क्षेत्रमा लगानी केन्द्रित गर्नेछ।
- आदिवासी तथा जनजाती, अपाङ्ग, दलित, फरक क्षमता भएका व्यक्ति, एकल महिला, सुकुम्वासी, विभिन्न आन्दोलनका घाईते, वेपत्ता एवम् शहिद परिवार, रोजगारी गुमाएका श्रमिक, साना किसान, असहाय व्यक्ति, गरिब तथा विपन्न वर्गको जीवनस्तरमा अपेक्षित सुधार ल्याउन स्वास्थ्य, शिक्षा, सीप विकास तालिम र रोजगारी एवं आय आर्जनसम्बन्धी विशेष कार्यक्रम सञ्चालन गरीनेछ ।

- विद्यमान पूर्वाधारहरुको क्षमता विस्तार, गुणस्तर सुधार, स्तरवृद्धि एवम् समयानुकूल मर्मतसम्भार लगायतका कार्यमा मेसीनको प्रयोगलाई दुरुत्साहित गरीनेछ ।
- पूर्वाधार निर्माणको गुरुयोजना तयार गरी कार्यान्वयनमा ल्याईनेछ ।
- सडक, सिँचाई, खानेपानी लगायतका भौतिक पूर्वाधारहरुको सहज उपलब्धता तथा गुणस्तरमा सुधार गर्दै विकास निर्माण कार्य तीव्र रुपमा अघि बढाईनेछ ।

उद्योग, वाणिज्य, श्रम, रोजगार तथा बजार व्यवस्थापन सम्बन्धी

- उपभोक्ताको हकहित तथा अधिकार संरक्षण र प्रवर्द्धन गर्न बजार अनुगमन गरी उपभोक्ताको हित विपरित क्रियाकलापमा संलग्नलाई कारबाहीको दायरामा ल्याईनेछ ।
- बन्दाबन्दिका कारण र आर्थिक गतिविधिमा प्रतिकुल असरबाट बढी प्रभावित महिला, अशक्त, असहाय, अतिविपन्न वर्गको जीविकोपार्जनमा सहयोग पुग्ने रोजगारमूलक कार्यक्रमहरु सञ्चालन गरीनेछ ।
- उद्यमशिल वातावरण सिर्जना गरी रोजगारीको व्यापक सिर्जना गरीनेछ ।
- रोजगारी सिर्जना गर्न बेरोजगार लक्षित कार्यक्रम अभियानको रुपमा प्रधानमन्त्री रोजगार कार्यक्रमलाई थप प्रभावकारी रुपमा कार्यान्वयनका ल्याईनेछ ।
- वैदेशिक रोजगारीको सिलसिलामा विदेशमा गई विशिष्ट सीप तथा दक्षता हासिल गरेर फर्केका युवा जनशक्तिलाई उनीहरुले ल्याएको रेमिट्यान्सको उपयोग समेत हुने गरि आयमूलक तथा सीपमूलक कार्यक्रम सञ्चालनका लागि प्रोत्साहन गरी उनीहरुको सीपलाई पालिकाको विकासमा उपयोग गर्ने नीति अवलम्बन गरिनेछ ।
- महिलाहरुले सञ्चालन गरेको उद्योगहरुलाई प्रवर्द्धन गर्दै लैजाने निर्णय गरिनेछ ।

पर्यटन प्रवर्द्धन सम्बन्धी

- आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धन गर्न बहुआयामिक सम्भावनायुक्त पर्यटकीय क्षेत्रको सम्भावना अध्ययन गरीनेछ ।
- आदिवासी जनजाती तथा अल्पसंख्यक समुदायको स्थानीय भाषा, सभ्यता र संस्कृतीको आधुनिकता सहितको पुनरुत्थान गर्ने कार्य अघि बढाईनेछ ।

सूचना तथा सञ्चार सम्बन्धी

- सूचना बोर्ड, डिजिटल बडापत्र, मोबाइल एप्स, टोल फ्रि नं., सामाजिक सञ्जाल र वेवसाइट मार्फत् गाउँपालिकाले प्रदान गर्ने सबै सेवा सुविधाहरु बारेमा नागरीकलाई सूसुचित गराइनेछ ।
- सबै सञ्चार माध्यमसँग समदूरी अख्तियार गर्दै गाउँपालिकाका नियमित गतिविधि तथा क्रियाकलापलाई स्थानीय तथा राष्ट्रियस्तरमा प्रचारप्रसार गर्ने व्यवस्था मिलाईनेछ ।
- दूरसञ्चार सेवा तथा ईन्टरनेट सेवालाई प्रभावकारी बनाउन सेवा प्रदायकसँग आवश्यक समन्वय गर्दै गाउँपालिकालाई Free Wifi Zone का रुपमा विकास गरीदै लगीनेछ ।

- E-Governance लाई प्रवर्द्धन गर्दै गाउँपालिकाका सम्पूर्ण कार्य प्रणालीलाई Online System मा आबद्ध गरीनेछ ।
- राजश्व अभिलेखलाई प्रभावकारी बनाउन र चुस्तदूरुस्त राख्न राजश्व सफ्टवेरको व्यवस्था गरीनेछ ।
- विकास पत्रकारीतालाई प्रोत्साहन गरिनेछ । गाउँपालिकाका विकास गतिविधिहरुलाई पालिकावासी सामु सु-सूचित गर्न तथा सुशासनलाई प्रवर्द्धन गर्न गराउनका लागि सञ्चार माध्यम, सञ्चारकर्मी तथा पत्रकारहरुसँग सहकार्य गरिनेछ ।
- नेपाल सरकारको मातहतमा रहेका कार्यालयहरुले कम्प्युटराइज विधिबाट मात्र अभिलेख राख्ने तथा पेश गर्ने विधि अनिवार्य गरिनेछ ।

खानेपानी तथा सरसफाई, सडक तथा भौतिक योजना र पूर्वाधार विकास सम्बन्धी

- दीगो र वातावरणमैत्री नयाँ ट्र्याक खोल्न, सडकको स्तरोन्नती गर्न र भित्रि र बाहिरी चक्रपथसहितका मूलसडक र कृषि सडक सञ्जालको विकास गर्न आवश्यक व्यवस्था मिलाईनेछ ।
- स्वच्छ एवम् खानेपानीको आपूर्ति व्यवस्थालाई व्यवस्थित गर्न खानेपानीको मुहानको खोजी, संरक्षण र दिगो विकास गर्न आवश्यक व्यवस्था मिलाईनेछ ।
- त्रिवेणी गाउँपालिकालाई पूर्ण सरसफाईयुक्त नमूना गाउँपालिका रुपमा स्थापित गर्न सरसफाई सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालन गरीनेछ ।
- फोहोरमैलाको उचित व्यवस्थापन गर्न विभिन्न स्थानमा फोहोर फाल्ने उपयुक्त स्थानको पहिचान गरीनेछ ।
- स्वास्थ्य संस्थाहरुको स्थापना एवं स्तरोन्नती लागी पूर्वाधार विकास गरीनेछ ।
- भएका बाटोहरुलाई स्तरोन्नती गरिनेछ भने नयाँ ट्र्याक खुलाउने कार्यलाई निरुत्साहित गरिनेछ ।
- मुहानदेखि मुखसम्म स्वच्छ पानीको अवधारणा अनुरुप सर्वसाधारणका लागि शुद्ध खानेपानीको सुविधा उपलब्ध गराउन एक घर एक धारा कार्यक्रमलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ ।

विद्युत र उर्जा सम्बन्धी

- बैकल्पिक उर्जालाई ग्राह्यता दिदैं आगामी वर्षभित्र गाउँपालिकाका सम्पूर्ण घरघरमा विद्युत् पुर्‍याउन आवश्यकताका आधारमा सम्बन्धित निकायसँग समन्वय गरीनेछ ।
- जलविद्युत् उत्पादन कार्यमा सार्वजनिक-नीजि साझेदारी नीति अवलम्बन गरीनेछ ।
- जलविद्युत्को सम्भाव्यता अध्ययन गर्नका लागि सरकारी तथा दातृ निकायसँग साझेदारी गरीनेछ ।
- हाम्रो गाउँपालिकाले आगामी आर्थिक वर्षमा पनि विद्युत् वितरण प्रणालीलाई कार्यान्वयन गरी त्रिवेणी उज्ज्यालो कार्यक्रम घोषणा गरीनेछ ।

बस्ती विकास, शहरी योजना र भवन निर्माण सम्बन्धी

- अपायक, असुरक्षित एवं जोखिमयुक्त स्थानका बस्तीलाई एकिकृत आधुनिक सुरक्षित बस्तीमा स्थानान्तरण गर्ने कार्यक्रम ल्याईनेछ ।
- सुरक्षित, किफायती र वातावरणमैत्री आवास निर्माण गर्न प्रोत्साहित गरीनेछ ।

घ) वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र

वातावरण संरक्षण तथा हरियाली प्रवर्द्धन सम्बन्धी

- स्थानीय जनताको सहभागितामा नर्सरी स्थापना गरि खाली स्थानमा वृक्षारोपण तथा घाँसखेतीको विकासको लागि आवश्यक व्यवस्था मिलाईनेछ ।
- खालीस्थानमा फलफूल तथा औषधीय गुण भएका बिरुवा तथा वनस्पतीलाई आमा समूह, नागरिक समाज, उपभोक्ता समिति, जेष्ठ नागरिक, क्लब तथा विभिन्न संघसस्थाको सहभागितामा वृक्षारोपण कार्यक्रम सञ्चालन गरीनेछ ।
- वनजङ्गलको प्राकृतिक तथा मानवीय कारणले हुन जाने क्षती न्यूनीकरणका लागि जनचेतनामूलक कार्यक्रम सञ्चालन गरीनेछ ।
- वातावणमैत्री स्थानीय शासन सञ्चालनका लागी आयआर्जन हुने पर्यावरणीय महत्व भएका बिरुवाहरु खुला तथा सार्वजनिक स्थानमा विभिन्न सार्वजनिक उत्सवहरुमा रोप्ने व्यवस्था मिलाईनेछ ।
- लोपोन्मुख वनस्पति र वन्यजन्तुको पहिचान, संरक्षण, अध्ययन, अनुसन्धानमा विशेष जोड दिई आयआर्जनमा टेवा पुऱ्याईनेछ ।
- भू-संरक्षण तथा जलाधार संरक्षण कार्यक्रमलाई स्थानीय जनसहभागितामा सञ्चालन गरिनेछ ।

फोहोर मैला व्यवस्थापन सम्बन्धी

- कुहिने, नकुहिने, सिसा र हानीकारक फोहरमैला व्यवस्थापनका लागी अलग अलग ल्यान्ड फिल साइटको व्यवस्था गाउँपालिका विभिन्न स्थानमा स्थानीय जनसहभागिता गरीनेछ ।

विपद् व्यवस्थापन सम्बन्धी

- विपद् व्यवस्थापनका लागी आवश्यक पर्ने पर्याप्त स्रोत साधनको व्यवस्था विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्था तथा निकायको सहयोगमा गरीनेछ ।
- प्राकृतिक तथा मानवीय कारणले गर्दा सिर्जित विपद् व्यवस्थापन गर्नका लागि एक विपद् व्यवस्थापन कोषको स्थापना गरीनेछ ।

ङ) संस्थागत विकास, सेवा प्रवाह र सुशासन क्षेत्र

संगठन संरचना, दरबन्दी र कार्यविवरण सम्बन्धी

- कार्यालयको संगठन संरचना र दरबन्दिलाई चुस्त दुरुस्त राखीनेछ ।

- कार्य सम्पादनलाई छिटोछरिता, गुणस्तरीय र प्रभावकारी बनाउन प्रत्येक तह र पदको कार्यविवरण बनाई लागू गरीनेछ ।

सेवा प्रवाह र सुशासन सम्बन्धी

- गाउँपालिका भित्र एउटा सोधपुछ तथा सहायता कक्षको व्यवस्था गरि सेवाग्राहीलाई सरल र सुलभ तरिकाले सेवा प्रवाहको व्यवस्था मिलाइनेछ ।
- सेवा प्रवाहलाई सरल, सहज र प्रविधिमैत्री बनाईने, सेवा प्रवाहको प्रभावकारीताका बारेमा नियमित अनुगमन, गुनासो सुनुवाई तथा सम्बोधन हुने व्यवस्था मिलाईनेछ ।
- सेवा प्रवाहमा सरलता ल्याउन संस्थागत पूर्वाधार विकास, सेवा प्रवाहका मापदण्ड निर्धारण र सूचना प्रविधिको प्रयोग सम्बन्धमा उपयुक्त कार्ययोजना बनाईनेछ ।
- सेवा प्रवाहमा पारदर्शिता, जवाफदेहिता, गुणस्तरियता, मितव्यीता र प्रभावकारिता वृद्धि गरीनेछ ।
- गाउँपालिकाका सम्पूर्ण कार्य प्रणालीलाई सूचना प्रविधिमा आबद्ध गरी सेवा प्रवाहलाई चुस्त, दुरुस्त र छरितो बनाईनेछ ।
- सेवा प्रवाहमा जेष्ठ नागरिक, बालबालिका, अपाङ्ग तथा महिलाहरुलाई प्राथमिकता दिईनेछ ।
- शान्ति सुरक्षा कायम राख्न सरोकारवाला निकायहरुसँग आवश्यक समन्वय निरन्तर कायम गरीनेछ ।
- उपभोक्ता हित प्रवर्द्धन तथा खाद्य पदार्थ लगायतका सामग्रीहरुमा हुने मिसावट लगायतका समस्यालाई न्यूनिकरण गर्न पालिकाको बजार अनुगमन निर्देशिका बमोजिम बजार अनुगमन गर्ने कार्यलाई चुस्त एवं प्रभावकारी बनाइनेछ । दर्ता गरेर मात्र व्यवसाय सञ्चालन गर्ने व्यवस्थालाई उत्पादमा आधारित अनुदान कार्यक्रम सञ्चालन गरिनेछ ।
- कडाईका साथ कार्यान्वयन गरी व्यवसायीहरुले मुल्यसूचि देखिने गरि राख्नुपर्ने व्यवस्थाको पूर्ण कार्यान्वयनको लागि सघन अनुगमनको व्यवस्था गरिनेछ ।
- गाउँपालिकाको सुरक्षा प्रबन्धलाई चुस्तदुरुस्त बनाउन गाउँ प्रहरीको व्यवस्था गरिनेछ ।

क्षमता विकास सम्बन्धी

- सेवा प्रवाह चुस्तदुरुस्त रुपमा सञ्चालन गर्न कर्मचारी, जनप्रतिनिधि, विद्यालय कर्मचारी लगायतलाई आधारभूत सूचना प्रविधिसँग सम्बन्धी तालिम दिईने तथा आवश्यक सफ्टवेयरको व्यवस्था मिलाईनेछ ।
- स्वास्थ्य तथा शिक्षामा गुणात्मक सुधार गर्ने, कृषि उत्पादनमा वृद्धि गर्ने र विकास निर्माणका कार्यमा तिव्रता दिने कार्यक्रमहरु कार्यान्वयनमा ल्याईनेछ ।
- स्वास्थ्य संस्थाहरुमा जनशक्ति व्यवस्था, स्वास्थ्यकर्मीलाई आवश्यक तालिम तथा दक्षता अभिवृद्धि गरीनेछ ।

- गुणस्तरीय शिक्षाका लागि विद्यालयमा योग्य, दक्ष र शिक्षण पेशाप्रति प्रतिवद्ध बनाउन शिक्षकहरुको विकास र परिचालन गरीनेछ ।
- पूर्वाधार विकास निर्माणलाई गुणस्तरीय, दीगो, भरपर्दो र विश्वसनीय बनाउन सिकर्मी तथा डकर्मी तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरीनेछ ।
- कर्मचारीको क्षमता अभिवृद्धिका लागि आवश्यक कार्यक्रम ल्याईने, कार्यशैलीलाई चुस्तदुरुस्त बनाईने र कर्मचारीहरुलाई सेवा प्रवाहप्रति जिम्मेवार, जवाफदेही र गतिशील बनाईनेछ ।
- राजश्व असुली सम्बन्धमा घुम्ती सेवा सञ्चालन तथा राजश्व असुली सम्बन्धमा वडा कार्यालयका कर्मचारीलाई तालिमको व्यवस्था गरीनेछ ।
- गाउँपालिकाको आन्तरिक आयलाई सुदृढ गर्न कर प्रशासनलाई सुदृढ गर्दै सम्पत्ति कर, बहाल बिटौरी कर, व्यवसाय कर लगायतका अन्य कर संकलनमा सकारात्मक वातावरण निर्माण गर्न सातवटै वडामा करदाता शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।

<u>सुरक्षा व्यवस्था</u>

- गाउँपालिकामा शान्ति सुरक्षा कायम गर्नका लागि गाउँपालिकालाई मदिरा तथा जुवातास गरिनेछ भने त्यसता कार्य गरेमा दण्ड जरिवानाको व्यवस्था गरिनेछ ।

सम्मानित आठौं गाउँसभामा उपस्थित सम्पूर्ण सदस्यहरु

अन्तमा, स्थानीय सरकारको विकासमा योगदान पुऱ्याउने राष्ट्रसेवक कर्मचारी, राजनीतिक दल, बौद्धिकवर्ग, निजी, सहकारी र सामुदायिक क्षेत्र, वैदेशिक विकास साझेदार संघसंस्था, श्रमिक वर्ग, नागरिक समाज, आम सञ्चार जगत लगायत सम्पूर्ण दिदिबहिनी तथा दाजुभाईहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै आगामी वर्षको नीति तथ कार्यक्रमको अधिकतम उपलब्धी सहितको कार्यान्वयनका लागि सबैको सहयोगको अपेक्षा गर्दछु ।

*शान्तकुमार वली*
*गाउँपालिका अध्यक्ष*

# बजेट तथा कार्यक्रम

# राजस्व तथा अनुदान प्राप्तिको अनुमान

आ.व.२०७७/०७८

रु. हजारमा

| शीर्षक | | गत आ.व २०७५/०७६ को यथार्थ | चालु आ.व. २०७६/०७७ को संशोधित अनुमान | आ.व. २०७७/०७८ को अनुमान |
|---|---|---|---|---|
| **राजस्वः** | | | | |
| | **आन्तरिक राजस्वः** | | | |
| | वडा कार्यालयबाट प्राप्त हुने राजश्व रकम | | १५०० | १५०० |
| | खोटो रोयल्टी | | १२०० | १२०० |
| | गाउँपालिका कार्यालयबाट प्राप्त हुने सेवा दस्तुर | | १००० | १००० |
| | मदिरा जरिवाना दस्तुर | | २०० | १५० |
| | मालपोत कार्यालयबाट जग्गा रजिष्ट्रेशन बापत प्राप्त हुने रकम | | १५०० | १५०० |
| | रोल्पा सिमेन्ट प्रा.लि.बाट प्राप्त हुने रोयल्टी | | ५०० | ५०० |
| | व्याकहो लोडरबाट प्राप्त हुने आम्दानी | | १२०० | ८५० |
| | भूमि तथा घर जग्गा रजिष्ट्रशन कर | | २५०० | १००० |
| | तरकारी तथा जडीबुटी निकासी कर | | ८०० | ८०० |
| | बालुवा तथा गिट्टी निकासी कर | | ६०० | ५०० |
| | जम्मा | | ११००० | ९००० |
| **अन्तर सरकारी वित्तीय हस्तान्तरणः** | | | | |
| | **नेपाल सरकारबाट प्राप्त अनुदानः** | | | |
| | वित्तीय समानीकरण अनुदान | | ९१७०० | ९५२०० |
| | राजश्व बाँडफाँड | | ८१६०० | ८०६२४ |
| | सशर्त अनुदान | | १४४७०० | १९०५०० |
| | समपूरक अनुदान | | ० | १६७०० |
| | विशेष अनुदान | | ० | ८००० |
| | जम्मा | | ३१८००० | ३११०२४ |
| | | | | |
| | **प्रदेश सरकारबाट प्राप्त अनुदानः** | | | |
| | वित्तीय समानीकरण अनुदान | | ४१३९ | ५०६८ |

| | | | | |
|---|---|---|---|---|
| | राजश्व बाँडफाँड | | ६९६४ | ५०१४ |
| | सशर्त अनुदान | | ० | १४८५० |
| | समपूरक अनुदान | | १५००० | १५००० |
| | विशेष अनुदान (मुख्यमन्त्री ग्रामिण विकास कार्यक्रम) | | ५२०० | ६००० |
| | जम्मा | | ३१३०३ | ४५९३२ |
| | | | | |
| | **अन्य अनुदानः** | | | |
| | सामाजिक सुरक्षा कार्यक्रम | | ३०००० | ४०००० |
| | बहुक्षेत्रीय पोषण कार्यक्रम | | १५०६ | १५०६ |
| | प्रधानमन्त्री रोजगार कार्यक्रम | | ३५०० | ३५०० |
| | गरिवसंग विश्वेश्वर कार्यक्रम | | ५०० | ३०० |
| १३३१८ | अन्य अनुदान चालू | | ० | २९५० |
| | जम्मा | | ३५५०६ | ४८२५६ |
| | | | | |
| **जनसहभागिताः** | | | | |
| | नगद सहभागिता | | ० | ० |
| | श्रम तथा वस्तुगत सहायता | | ० | ० |
| | | | | |
| **कुल जम्मा** | | | | |
| | **कुल जम्मा** | | **३९५८०९** | **४९४२१२** |